नेपाल सरकार

कृषि तथा सहकारी मन्त्रालयको सूचना

## सुपथ मूल्यका सहकारी पसल सञ्चालन सम्बन्धी नियमावली, २०६५

सहकारी ऐन, २०४८ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यी नियमहरुको नाम "सुपथ मूल्यका सहकारी पसल सञ्चालन सम्बन्धी नियमावली, २०६५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:–

(क) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०४८ बमोजिम दर्ता भएका सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ख) "पसल" भन्नाले सुपथ मूल्यका सहकारी पसल सम्झनु पर्छ ।

(ग) "अत्यावश्यक वस्तु" भन्नाले दैनिक जीवनमा उपभोग हुने खाद्यान्न लगायत अन्य वस्तु सम्झनु पर्छ।

३. लक्षित समूह: पसलका आफ्ना सदस्य बाहेक सुपथ मूल्यका पसल सञ्चालन गर्ने सहकारी संस्थाका लक्षित समूह देहाय बमोजिम हुनेछः-

(क) दलित तथा आर्थिक रुपमा विपन्न बंर्ग,

(ख) पिछिडिएका आदिवासी, जनजाति, महिला, सुकुम्वासी, हलिया तथा मुक्त कमैया,

(ग) भूमिहिन,

(घ) अन्य ।

४. पसलवाट उपलव्ध हुने सेवा र वस्तु: सहकारी संस्थाले देहाय बमोजिम कार्य गर्न सक्नेछः-

(क) दाल, चामल, चिनी लगायतका दैनिक उपभोग्य वस्तुहरु,

(ख) ससाना कृषि यान्त्रिक उपकरण र तिनका पार्टपूर्जा,

(ग) मलखाद तथा विउविजन,

(घ) सार्वजनिक संस्था वा सरकारी कार्यालयले वेचविखनकालागि उपलव्ध गराएका अन्य वस्तु तथा सेवाहरु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) सञ्चार तथा इन्टरनेट सेवा

(च) चिकित्सकीय प्रेस्कीप्शन आवश्यक नपर्ने औषधिहरु, घरायसी सरसफाई सामग्रीहरु,

(छ) शैक्षिक सामग्रीहरु,

(ज) संस्थाले आवश्यक सम्झेको अन्य वस्तु वा सेवाको कारोवारहरु ।

५. <u>आर्थिक अनुदान तथा अन्य अधिकार प्रदान गर्न सकिने:</u> (१) नेपाल सरकारले प्रत्येक गाउँ विकास समितिमा एक एक वटा पसल सञ्चालन गर्ने गरी छनौट गरिएका सहकारी संस्थाहरुलाई आर्थिक अनुदान उपलव्ध गराउन सक्नेछ ।

(२) नेपाल सरकारको स्वामित्वमा रहेका सार्वजनिक संस्थानहरुले उत्पादन वा बिक्री–वितरण गर्ने वस्तुको डिलरशिप वा गाउँ विकास समिति क्षेत्र भित्र वितरणको एकाधिकार पसललाई दिनु पर्नेछ ।

६. <u>समन्वय समिति:</u> (१) नेपाल सरकारबाट अनुदान प्राप्त गरेका सहकारी संस्थाले बिक्री गर्ने अत्यावश्यक दैनिक उपभोग्य वस्तुको सहज आपूर्तिको व्यवस्था मिलाउन केन्द्रीय स्तरमा देहायको एक समन्वय समिति रहनेछ:-

| | |
|---|---|
| (क) मन्त्री, कृषि तथा सहकारी मन्त्रालय | संयोजक |
| (ख) सचिव, अर्थ मन्त्रालय, | सदस्य |
| (ग) सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| (घ) सचिव, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ङ) सचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |
| (च) रजिष्ट्रार, सहकारी विभाग | सचिव |

(२) पसलले सर्वसाधारण जनतामा पारेको प्रभाव, अत्यावश्यक उपभोग्य वस्तुको आपूर्ति र पसल सञ्चालनमा देखिएका कठिनाई उपर छलफल गरी समितिले निराकरणको उपायहरु पहिचान गर्नेछ ।

(३) समितिको बैठक प्रत्येक तीन तीन महिनामा बस्नेछ ।

(४) उच्चस्तरीय समन्वय समितिले गरेका निर्णय कार्यान्वयनका लागि नियम ७ बमोजिम जिल्ला स्तरमा पसल व्यवस्थापन तथा अनुगमन समिति गठन हुनेछ ।

७. <u>पसल व्यवस्थापन तथा अनुगमन समिति:</u> नेपाल सरकारबाट पसल सञ्चालन गर्ने सहकारी संस्थालाई प्रदान गर्ने सहयोग रकमको वितरण तथा त्यसको व्यवस्थापन तथा अनुगमनका लागि उपयुक्त सहकारी संस्थाको छनौट गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको पसल व्यवस्थापन तथा अनुगमन समिति गठन गरिनेछ:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) जिल्ला विकास समितिका सभापति — संयोजक

(ख) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत — सदस्य

(ग) स्थानीय विकास अधिकारी वा निजले तोकेको अधिकृत — सदस्य

(घ) घरेलु तथा साना उद्योग वा वाणिज्य कार्यालय वा घरेलु तथा साना उद्योग विकास समिति प्रमुख — सदस्य

(ङ) जिल्ला स्थित नेशनल ट्रेडिङ्ग लि., साल्ट ट्रेडिङ्ग लि., नेपाल खाद्य संस्थान, नेपाल आयाल नियमका प्रमुख वा प्रतिनिधि — सदस्य

(च) जिल्ला सहकारी संघ लि. का अध्यक्ष — सदस्य

(छ) जिल्ला स्थित वाणिज्य कार्यालयका अधिकृत — सदस्य

(ज) जिल्ला स्थित उद्योग वा वाणिज्य संघको अध्यक्ष — सदस्य

(झ) डिभिजन सहकारी कार्यालयको सहकारी अधिकृत — सदस्य-सचिव

तर डिभिजन सहकारी कार्यालय नभएको जिल्लाको हकमा भने जिल्ला कृषि विकास कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत स्तरीय प्रतिनिधिले सदस्य- सचिव भई कार्य गर्नेछ। वाणिज्य कार्यालय नभएका जिल्लाहरुमा आठ सदस्यीय समिति रहनेछ।

८ पसल व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः सहकारी उपभोक्ता पसल व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रत्येक गाउँ विकास समितिको लागि एउटा र प्रत्येक नगरपालिका क्षेत्रको प्रत्येक ३० हजार जनसंख्याको वीचमा पर्ने गरी एउटाका दरले पसल सञ्चालन गर्ने सहकारी संस्थाको छनौट गर्ने,

(ख) पसलले बिक्री गर्ने अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरु निर्धारण गरी उपलब्ध गराउने व्यवस्था मिलाउने,

(ग) सीमितरुपमा उपलब्ध भएका वस्तुहरुको वेचविखनका लागि कोटा निर्धारण गर्ने तथा समन्वय गर्ने,

(घ) अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरुको गुणस्तर जाँच गर्ने,

(ङ) सुपथ मुल्य पसल मार्फत आफ्नो वस्तु र सेवा वेचविखन गर्न चाहने सार्वजनिक तथा निजी संस्थाहरुको पहिचान र प्रोत्साहन गर्ने,

(च) पसल सञ्चालन गर्ने सहकारी संस्थाको अनुगमन गर्ने,

(छ) पसल सञ्चालन गर्ने सहकारी संस्थालाई आवश्यक सुझाव तथा निर्देशन दिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) पसल सञ्चालन गर्न प्रवर्द्धनात्मक र सहजीकरण कार्य गर्ने,

(झ) नेपाल सरकारबाट प्रदान गरिने अनुदान रकम भुक्तानी गर्ने र उपयोगको निरीक्षण गर्ने,

(ञ) राशन कार्ड व्यवस्था लागू गर्न केन्द्रिय समन्वय समितिलाई सहयोग र सुझाव दिने,

(ट) समन्वय समितिबाट निर्देशन भएका अन्य कुराहरु लागू गर्ने।

९. पसल सञ्चालन गर्न सक्ने सहकारी संस्थाहरु: (१) देहायमा उल्लेखित सहकारी संस्थाले नेपाल सरकारको सहयोग प्राप्त गरी उपभोक्ता पसल सञ्चालन गर्न सक्नेछन्:–

(क) उपभोक्ता सहकारी संस्थाहरु,

(ख) उपभोक्ता सहकारी संस्था नभएको स्थानमा कायम रहेका वहुउद्देश्यीय सहकारी संस्थाहरु,

(ग) वहुउद्देश्यीय सहकारी संस्था नभए अन्य विषयगत सहकारी संस्थाहरु।

(२) अनुदान प्राप्त गर्ने सहकारी पसलको छनौट गर्दा उपनियम (१) मा उल्लेखित सहकारी संस्थाहरु मध्ये मजदुर/किसान/महिला/दलित तथा पिछडिएको वर्गद्धारा सञ्चालित सहकारी संस्थाहरुलाई प्राथमिकता दिनेछ।

१०. नेपाल सरकारबाट अनुदान प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरु: नेपाल सरकारबाट प्रदान हुने अनुदानको रकम प्राप्तिको लागि देहायका कागजातहरु पेश गर्नु पर्नेछ:–

(क) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ख) संस्थाको विनियमको प्रतिलिपि,

(ग) उपभोक्ता पसल सञ्चालन गर्ने सम्बन्धमा साधारण सभा वा सञ्चालक समितिको निर्णय,

(घ) सञ्चालकहरुको तीनपुस्ते विवरण,

(ङ) व्यवसायिक कार्य योजना,

(च) संस्थाले लगानी गर्ने पूँजी रकम,

(छ) प्रस्तावित पसलको प्रभाव क्षेत्रको अनुमानित उपभोक्ता संख्या।

११. उपभोक्ता कार्ड: सहकारी संस्थाले गरिवीको रेखामुनि रहेका परिवारलाई जिल्ला विकास समितिको कार्यालयबाट वितरण गरिएको कार्डको आधारमा अत्यावश्यक दैनिक उपभोग्य वस्तु सुपथ मुल्यमा उपलब्ध गराउनेछ।

१२. पसलको सञ्चालन र व्यवस्थापन: (१) पसलको सञ्चालन र व्यवस्थापन सम्बन्धित सहकारी संस्थाको सञ्चालक समितिले गर्नेछ। सहकारी संस्थाको सञ्चालक समितिले पसलको सञ्चालन र व्यवस्थापनको लागि आवश्यक कार्यविधि आफै बनाउनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सहकारी संस्थाले पसल सञ्चालनको दैनिक समय उपभोक्ताको सुविधालाई ध्यानमा राखी आफै निर्धारण गर्न सक्नेछ ।

(३) सहकारी संस्थाको सञ्चालक समितिले पसल सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारीको नियुक्ति गर्ने, निजको पारिश्रमिक तथा अन्य सुविधा संस्थाको विनियमको अधीनमा रही तोक्न सक्नेछ ।

१३. अभिलेख राख्ने: (१) पसल सञ्चालन गर्ने सहकारी संस्थाले सहकारी नियमावली, २०४९ को नियम २१ बमोजिमको अभिलेखहरुका अतिरिक्त देहायका अभिलेख राख्नु पर्नेछ:-

(क) खरिद तथा बिक्री खाता,

(ख) खरिद बिक्रिको दैनिक वही र नगद वही,

(२) सहकारी संस्थाले पसल सञ्चालन सम्बन्धी कारोवारको लेखा पारदर्शी ढंगले राख्नु पर्नेछ। सम्बन्धित जिल्ला विकास समिति तथा सम्बन्धित स्थानीय निकायले मागेको समयमा संस्थाले उक्त लेखा पेश गर्नु पर्नेछ ।

१४. मूल्य निर्धारण: (१) नेपाल सरकारको स्वामित्व प्राप्त सार्वजनिक संस्था वा कम्पनीबाट आपूर्ति हुने अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरुको बिक्रि मूल्य त्यस्ता सार्वजनिक संस्थान वा कम्पनीले तोकि दिए बमोजिम हुनेछ ।

(२) सार्वजनिक संस्थान वा कम्पनीले यस्ता सहकारी संस्थालाई सो सामान बिक्री गरे वापत अन्य व्यापारिक संस्थालाई दिएको भन्दा थप कमिशन दिनु पर्नेछ ।

(३) अन्य उपभोग्य वस्तुहरुको बिक्री मूल्य प्रचलित वजार भाउ भन्दा वढी नहुने गरी सम्बन्धित सहकारी संस्थाले आफै तोक्न सक्नेछ ।

१५. संस्था दर्ता गराउनु पर्ने: (१) पसल सञ्चालन गर्न चाहने नयाँ सहकारी संस्थाले जिल्ला प्रशासन कार्यालयमा अस्थायी रुपमा दर्ता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अस्थायी प्रमाणपत्रको आधारमा रजिष्ट्रारले स्थायी प्रमाणपत्र दिनु पर्नेछ ।

आज्ञाले,
टेक वहादुर थापा
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–
गो.हु.द.नं. १६।०६२।६३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।